
# सुचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) र नियमावलीको नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण




## सुचना सार्वजनिक गर्ने निकायको नामः कृषि ज्ञान केन्द्र खोटाङ, प्रदेश नं. १

## सूचना सार्वजनिक गरेको अवधि मितिः २०७६/०४/०१ देखि मिति २०७६/०९/३० गते सम्म

निमित्त प्रमुख

## १. निकायको स्वरुप र प्रकृतिः

- नेपालको संविधानको धारा ३०२ (१) मा प्रदेश र स्थानीय तहमा सेवा प्रवाह गर्न नेपाल सरकारले आवश्यक व्यवस्था गर्ने उल्लेख गरेको परिप्रेक्ष्य तथा कर्मचारी समायोजना ऐन २०७४ दफा ४ (१,२) मा संगठन तथा व्यवस्थाप सर्भेक्षण समिति गठन गर्ने व्यवस्था अनुरुप समिति गठन भई संविधानका अनुचूची ५,६,७,८ तथा ९ मा उल्लेख अधिकार सूचीको कार्यजिम्मेवारी विस्तृतीकरण गरी प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय कृषि विकास निर्देशनालय अन्तरगत नेपाल सरकार (मन्त्रीपरिषद) बाट कृषि ज्ञान केन्द्रको संगठन संरचना मिति २०७६/०३/२६ मा स्वीकृत भएको हो।
- कार्यक्षेत्रः खोटाङ जिल्ला
- जिल्लाको कुल क्षेत्रफलः **१,५९,२५२ हे.**
- खेति योग्य जमिनः **६६५९३.६ हे. (४१.८१%)**
- खेति गरिएको क्षेत्रफलः **५६६०४.५६ हे (३५.५४%)**
- कुल कृषक परिवार संख्याः **५१२७५**

## २. निकायको काम, कर्तव्य र अधिकारः

- प्रदेश सरकारको कृषि विकास कार्यक्रम संचालनका लागि प्रदेश सरकारको कृषि विकास कार्यक्रम कार्यन्वयन ईकाईको रुपमा काम गर्ने।
- स्थानीय समस्यामा आधारित स-साना अध्ययन परिक्षण तथा भ्यालिडेशन परीक्षण सन्चालन गर्ने।
- स्थानिय तहसँग समन्वय गरी कृषि सम्बन्धी तथ्यांक संकलन तथा सम्प्रेषण गर्ने।
- विभिन्न वालीहरु अवस्था नियमित अनुगमन गरी मासिक रुपमा मौसमी प्रतिवेदन तथा प्राकृतिक प्रकोप, मौसम प्रतिकुलता आदिवाट देखापर्ने समस्याको क्षतिको विवरण संकलन तथा सम्प्रेषण गर्ने।
- विषादी, वीउ विजन, रासायनिक तथा प्रङ्गारिक मलको गुणस्तर अनुगमन तथा आपुर्ति ब्यवस्था वारे नियमित अनुगमन तथा समन्वय गर्ने।
- माटो तथा मल, बालीसंरक्षण र वीउविजन परीक्षण सम्वन्धी सामान्य प्रयोगशाला सेवा संचालन गर्ने।
- व्यवसायिक कृषक र व्यवसायीहरुको लागि कृषिसँग सम्वन्धी तालिम सन्चालन गर्ने।
- स्थानीय तहको क्षमताले नभ्याउने प्रकृतिका विशेषज्ञ प्राविधिक सेवा टेवा प्रदान गर्ने।
- स्थानीय किसान, कृषि उद्यमी तथा कृषि प्राविधिकका लागि नवीनतम कृषि प्राविधिका श्रब्यदृश्य लगायतका प्रचार प्रसार र जानकारीमूलक सामाग्री उपलब्ध गराउन सूचना केन्द्रको रुपमा कार्य गर्ने।

२०७६।१०।५

- स्थानीय कृषि जैविक विविधताको पहिचान, संरक्षण र उपयोग सम्बन्धी कार्यक्रम संचालन गर्ने।
- नेपाल कृषि अनुसन्धान परिषदको बाह्य अनुसन्धान कार्यक्रममा समन्वय र सहयोग पुर्याउने।
- विउ विजन तथा उन्नत नश्लको लागि स्रोतकेन्द्र विकासमा सहयोग गर्ने।
- प्रदेशमा संचालित संघीय कृषि विकास कार्यक्रम कार्यन्वयन, समन्वय तथा सहजीकरण गर्ने।
- कृषि स्नातक तथा जे.टि/जे.टि.ए कोर्ष अध्ययनरत विधार्थीहरुका लागि इन्टर्नसिप कार्यक्रम संचालनमा सहयोग गर्ने।
- कृषि उद्यम तथा व्यवसाय सन्चालन गर्न चाहनेहरुको लागि व्यवसाय विकास सेवा उपलब्ध गराउने।
- वाली विमा तथा सहुलियत ब्याज दरको कृषि कर्जा कार्यक्रम कार्यान्वयनमा समन्वय तथा सहजिकरण गर्ने।
- महामारी र प्रकृतिक प्रकोपका कारण भएको कृषिधनको क्षति विवरण संकलन तथा क्षतिपूर्ति, राहत र पुर्णस्थापनाका कार्यहरु गर्ने/गराउने।
- समग्र कृषि विकासको विषयमा प्रदेश र स्थानीय तहवीच समन्वयको काम गर्ने।
- कृषि क्षेत्रसँग सम्बन्धीत ऐन, कानून, नीति तथा नियमले श्रृजना गरेको कानूनी दायित्वहरु निर्वाह गर्ने तथा सो कार्यमा आवश्यक सहयोग गर्ने।

## ३. निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण:

## (३.१) संगठन संरचना:

प्रदेश सरकार

१. न. प्रदेश

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

कृषि विकास निर्देशनालय कृषि ज्ञान केन्द्र, खोटाङको संगठन संरचना

### प्रमुख

रा.प.दि.प्रा(कृषि समुहकृत नहुने-१)

### विशेषज्ञ सेवा शाखा

- वागवानी विकास अधिकृत(रा.प.तृ.प्रा)-१
- वाली संरक्षण अधिकृत(रा.प.तृ.प्रा)-१
- प्राविधिक सहायक रा.प.अनं.प्र.प्रा (कृषि/कृषि वागवानी)-१

### अध्ययन परिक्षण तथा तथ्याङ्क शाखा

- कृषि अर्थ विज्ञ(रा.प.तृ.प्रा)-१
- प्राविधिक सहायक रा.प.अनं.प्र.प्रा(कृषि/कृषि वाली संरक्षण )-१

### तालिम तथा प्रसार शाखा

- कृषि प्रसार अधिकृत(रा.प.तृ.प्रा)-१
- प्राविधिक सहायक रा.प.अनं.प्र.प्रा(कृषि/कृषि प्रसार)-१

### प्रशासन फाँट

- लेखापाल रा.प.अनं.प्र.(प्रशासन/लेखा)-१
- खरिदार रा.प.अनं.दि.प्र.(प्रशासंन/सा.प्र.)-१
- हल्का सवारी चालक श्रेणी विहिन-१
- कार्यलय सहयोगी श्रेणी विहिन-३

## (३.२) निकायमा रहने कर्मचारीहरुको विवरणः

| क.स. | पद | श्रेणी/तह | सेवा | समूह | स्वीकृत दरवन्दी | पदपुर्ति | रिक्त संख्या |
|---|---|---|---|---|---|---|---|
| १ | प्रमुख | अधिकृतस्तर नवौं/दशौं | नेपाल कृषि | समूहकृत नहुने | १ | १ | ० |
| २ | कृषि प्रसार अधिकृत | अधिकृतस्तर सातौं | नेपाल कृषि | कृषि प्रसार | १ | १ | ० |
| ३ | वालि संरक्षण अधिकृत | अधिकृतस्तर सातौं | नेपाल कृषि | वाली सरक्षण | १ | १ | ० |
| ४ | कृषि अर्थ विज्ञ | अधिकृतस्तर सातौं | नेपाल कृषि | अर्थ विज्ञ | १ | १ | ० |
| ५ | वागवानी विकास अधिकृत | अधिकृतस्तर सातौं | नेपाल कृषि | वागवानी विकास | १ | १ | ० |
| ६ | अधिकृत | अधिकृतस्तर छैठौं | नेपाल कृषि | वाली सरक्षण | १ | १ | ० |
| ७ | अधिकृत | अधिकृतस्तर छैठौं | नेपाल कृषि | वागवानी विकास | १ | ० | १ |
| ८ | अधिकृत | अधिकृतस्तर छैठौं | नेपाल कृषि | कृषि प्रसार | १ | ० | १ |
| ९ | अधिकृत | अधिकृतस्तर छैठौं | नेपाल प्रशासन | लेखा | १ | १ | ० |
| १० | सहायक पाँचौ | सहायकस्तर पाँचौ | नेपाल प्रशासन | सामान्य प्रशासन | १ | १ | ० |
| ११ | कार्यालय सहयोगी | श्रेणी विहिन पाँचौं | नेपाल प्रशासन | सामान्य प्रशासन | ३ | ३ | ० |
| १२ | हलुका सवारी चालक | श्रेणी विहिन | नेपाल प्रशासन | सामान्य प्रशासन | १ | १ | ० |
| जम्मा | | | | | १४ | १२ | २ |

## ३.३ कर्मचारीहरुको कार्यविवरणः

**प्रमुख-** कार्यालयको आर्थिक, प्रशासन तथा प्रविधिक कामकाज गर्ने गराउने र कार्यालयले तोकेको अन्य काम गर्ने।

**बिशेषज्ञ सेवा शाखा-** कार्यालयको तोकिएको लक्ष्यअनुसार कार्यक्रम सन्चालन तथा प्राविधिक सेवा पुर्याउने र कार्यालयले तोकेको अन्य काम गर्ने।

**तालिम तथा प्रसार शाखा-** गोष्ठी, तालिम, तथा कृषि प्रविधिकहरु प्रचार, प्रकाशन आदि

**अध्ययन परिक्षण तथा तथ्याङ्क शाखा-** बाली नालीमा देखापरेको समस्याहरुको अनुसन्धान तथा कृषि तथ्याङ्क संकलन गर्ने, कार्यक्रमको योजना बनाउने आदि

**प्रशासन फाटँ-** अर्थिक, जिन्सी तथा दैनिक प्रशासनिक कामकाज गर्ने र कार्यालयले तोकेको अन्य कार्य गर्ने।

## ४. निकायबाट प्रदान गरिने सेवाः

- वागवानी, बाली तथा बाली संरक्षण सम्बन्धी सेवाहरु
- प्रवधि प्रर्दशन तथा प्रसार, कृषि बजार सम्बन्धी जानकारी
- लक्ष्य तोकिएका कार्यक्रमहरुमा अनुदान तथा प्रविधिक सहयोग
- वीउ विजन विक्रेता अनुमतीपत्र तथा नविकरण
- विषादी विक्रेता नविकरणका लागि सिफारिस
- कृषि ऋणको लागि सहजीकरण
- बीमा सम्बन्धी कार्यहरु

## ४.१) चालु आ.व. मा प्रदान गरिने मुख्य मुख्य सेवा/सहयोगको विवरणः

- पत्रपत्रिका छपाई बिज्ञापन तथा सुचना प्रकाशन(पत्रपत्रिका तथा पुस्तिका)
- वार्षिक पुस्तिका प्रकाशन(प्रचार प्रसार तथा सामाग्री उत्पादन तथा प्रकाशन र वितरण)
- मागमा आधारित कृषि कार्यक्रम(प्रचार प्रसार तथा सामाग्री उत्पादन तथा प्रकाशन र वितरण)
- स्थानिय तहमा कार्यरत प्राविधिक सँग मासिक समन्वय तथा तथ्याङ्क अद्यावधिक बैठक
- जिल्ला समन्वय समिति तथा प्रदेश सभा सदस्यहरुवाट कार्यक्रम अनुगमन
- कृषि प्राविधिक/कृषक सहजकर्ताहरु मार्फत कृषक पाठशाला कार्यक्रम संचालन
- विभिन्न स्थानहरुमा प्लान्ट ल्किनिक संचालन
- विभिन्न स्थानहरुमा माटो परिक्षण शिविर संचालन
- मुख्यमन्त्री उत्कृष्ट कृषक पुरस्कार
- आकस्मिक प्रकोपमा सहयोग
- कृषि विषय अध्ययन गरेका विद्यार्थी तथा ब्यवसायिक कृषि फार्म संचालन गरेका युवाहरु मार्फत कृषि प्रसार कार्यक्रम संचालन
- अगुवा कृषकहरुको राष्ट्रियस्तर कृषक भ्रमण
- मुख्य मुख्यवालीहरुको ऋप कटिङ्ग
- एफ एम रेडियो मार्फत सूचना प्रवाह
- कृषि सम्बद्ध विभिन्न दिवसहरु मनाउने
- घुम्ति शिविरमा सहभागिता
- जिल्ला बीउ विजन समन्वय समिति गठन तथा बैठक संचालन
- मकै उत्पादकत्व प्रवर्द्धन कार्यक्रम
- मध्यपहाडी प्राङ्गारीक कृषि प्रवर्द्धन अभियान सर्पोट
- एक घर एक फलफूल रोपण कार्यका लागि फलफूल विरुवा वितरण
- कागती खेती मिसन कार्यक्रम
- व्यावसायिक फलफूल बगैंचा स्थापना सहयोग
- सुन्तलाजात बगैचा व्यवस्थापन एवम सुदृढीकरण कार्यक्रम
- मुख्य राजमार्ग लक्षित तरकारी उत्पादन कार्यक्रम
- अलैंची निजी नर्सरी स्थापना
- पुराना रोगग्रस्त अलैंची बगानको प्रतिस्थापन कार्यक्रम
- खेर गएका सार्वजानिक जग्गाहरुमा फलफुल खेती प्रवर्धन कार्यक्रम पहिलो बर्ष
- बीउ विजन आत्मनिर्भरका कार्यक्रम पहिलो बर्ष
- चैते धान बिशेष सहयोग कार्यक्रम
- सघन वाली विकास आयोजना (धान, मकै गहुँ) पहिलो बर्ष
- जैविक तथा वानस्पतिक विषादी प्रयोग विस्तार कायक्रम
- रैथाने वाली उत्पादन प्रवर्द्धन कार्यक्रम (कोदो फापर जौ आदि)

२०७३।१०।२

- उन्नत कृषि प्रविधि सम्बद्ध साना प्रर्दशन सामाग्री वितरण( फेरोमोन ट्रयाप लाईट ट्रयाप एल्लो ट्रयाप जनावार धपाउने औजार प्रयोग, सुपर ग्रेन ब्याग आदि)
- खाद्यान्न, तरकारी, फलफूल, उत्पादन प्रर्दशन
- युवा लक्षित च्याउ मह तरकारी उत्पादन कार्यक्रम
- मेला, प्रदर्शन, महोत्सव, दिवस, कार्यशाला गोष्ठी आदि संचालन सहयोग
- प्राङ्गारीक कृषि प्रवर्द्धन अभियान कार्यक्रम
- नमुना कृषि फार्म स्थापना सहयोग
- आलु भण्डारणको लागी रष्टिक स्टोर भण्डार निर्माण (निजी, सहकारी, सरकारी साझेदारीमा)
- कृषि बजार तथा संकलन केन्द्र निर्माण (निजी, सहकारी, सरकारी साझेदारीमा)
- अलैंची सुकाउने सुधारिएको भट्टी निर्माण सहयोग कार्यक्रम
- कृषि यान्त्रीकरणका लागि औजार उपकरण प्रयोग प्रवर्द्धन कार्यक्रम

## ५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवारी अधिकारीः

| शाखा | जिम्मेवारी अधिकारी | पद | फोन न. | ईमेल |
|---|---|---|---|---|
| विशेषज्ञ सेवा शाखा | दीपेश चौधरी | वाग. वि. अ | ९८४००७०४१३ | dpace4120@gmail.com |
| | राम नन्दनब यादब | वाली सं. अ | ९८४९५६४८८९ | bhuyadavnandan@gmail.com |
| तालिम तथा प्रसार शाखा | संजय कुमार पंडित | कृषि प्रसार. अ | ९८४०७२८१४५ | sanjaypanditahd2016@gmail.com |
| अध्ययन परिक्षण तथा तथ्याङ्क शाखा | देवराज गुप्ता | कृषि अर्थ विज्ञ | ९८४०९९०५१६ | devrajg09@gmail.com |
| | हरि नारायण राई | अधिकृत स्तर छैठौं | ९८६२६१८०३७ | chamlinghari65@gmail.com |
| प्रशासन फाँट | उषाकला राई | नायक सुब्बा पाचौं | ९८४२९०३६४२ | ushakalarai3@gmail.com |

## ६. सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधिः

यस कार्यलयबाट प्रदान गरिने सेवा निःशुल्क वा नियमानुसार लाग्ने दस्तुर लिई प्रदान गरिने छ र सो को लागि सेवाको प्रकृति अनुसार तुरन्तै वा बढिमा १ महिना अवधि लाग्ने छ।

## ७. निर्णय गर्ने प्रक्रिया र अधिकारः

यस कार्यालयमा प्राप्त संघीय तथा प्रदेश सरकारबाट निर्माण गरिएका कार्यविधिमा तोकिए बमोजिमको समिति तथा कार्यदलबाट निर्णय गरिनेछ। सो निर्णय गर्नका लागि समिति तथा कार्यदलको लागि कार्यविधिमा उल्लेख भए बमोजिमको काम, कर्तव्य तथा अधिकारमान रही काम गर्नेछ।

## ८. निर्णयउपर उजुरी सुन्ने अधिकारीः

प्रचलित कानुन बमोजिम तोकिएको बिषयमा सोही बमोजिम नै हुने छ भने अन्यको हकमा सेवाग्राहीले प्रत्यक्ष रुपमा निवेदन मार्फत वा कार्यालयमा व्यवस्था गरिएको उजुरी पेटिकामा आफ्नो गुनासो वा उजुरी दिन सक्नेछ। प्राप्त उजुरीहरुलाई नियमित रुपमा संकलन तथा बिश्लेषण गरी व्यवस्थापन गर्न गुनासो सुन्ने अधिकारीको व्यवस्था गरिएको छ।

## ९. सम्पादन गरेको कामको विवरणः

१. मिति २०७६/०९/२९ मा कृषि यन्त्र उपकरणहरु अनुदानमा वितरण कार्यक्रम र प्रधानमन्त्री आधुनिकीकरण परियोजना तर्फको थप ३ वटा नयाँ व्लक स्थापनाका लागि प्रस्ताव आव्हान सम्वन्धि सूचना प्रकाशन ।

२. मिति २०७६/०९/२३ मा समन्वय प्रमुख र प्रदेश सभाका माननीय सभासद ज्यूहरुको विशेष उपस्थिति, विभिन्न निकायका पदाधिकारी ज्यूहरु, कार्यालयमा कार्यरत कर्मचारीहरुको उपस्थितिमा आ २४/०८/२०७६ को स्वीकृत वार्षिक कार्यक्रम तथा प्रदेश सरकारवाट मिति ७७/२०७६.व. गतेको स्वीकृत कृषि व्यवसायप्रवर्द्धन अनुदान कार्यविधि २०७६ वारे छलफल तथा अन्तरकृया कार्यक्रम ।

३. मिति २०७६/०९/१८ नँया पकेट तथा ब्लक स्थापना र कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यक्रमको सूचना प्रकाशन ।

४. वाली उपचार शिविर कार्यक्रम संचालन।

५. माटो परिक्षण शिविर कार्यक्रम संचालन।

६. विभिन्न ठाउँमा धान वालीको क्रप कटिङ।

७. स्थानिय तहाका कृषि प्रविधिकहरुसँग अन्तरक्रिया (गोष्ठी तथा कार्यशाला)।

८. ५ दिने अगुवा कृषक भ्रमण।

९. बिश्व खाद्य दिवसको अवसरमा विद्यालय स्तरिय निबन्ध प्रतियोगिता।

१०. मकै वालीमा लागेको फौजी किरा व्यवस्थापनमा बालि संरक्षण प्रयोगशालाको सहयोगमा हलेशी तुवाचुङ ना.पा, रावाबेशी र खोटेहाङ गा.पा मा सहयोग।

## १०. सूचना अधिकारी र प्रमुखको नाम र पदः

| नाम | पद | सम्पर्क न. |
|---|---|---|
| हरि नारायण राई | प्रमुख | ९८५२८४९१३० |
| देवराज गुप्ता | कृषि अर्थ विज्ञ (सूचना अधिकारी) | ९८४०९९०५१६ |

## ११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची:

- कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यविधि, २०७६
- पकेट विकास कार्यक्रम कार्यविधि, २०७३
- ब्लक विकास कार्यक्रम कार्यविधि, २०७३
- प्रचलित ऐन कानूनहरु

## १२. आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण:

| क्र. सं | वार्षिक विनियोजित बजेट (रु हजारमा) | प्रथम चौमासिक विनियोजित बजेट (रु हजारमा) | मंसिर महिना सम्मको खर्च बजेट (रु हजारमा) |
|---|---|---|---|
| १. | ६१५२३ | १२०९६ | ३६३३.५१ |

राजश्व आम्दानी: ००

## १३. अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सोको विवरण:

आ.व. २०७५/७६ को विवरण

वार्षिक विनियोजित वजेट: ३३८३९ (रु हजारमा)
वार्षिक खर्च वजेट: १६६६४.६१ (रु हजारमा)
वार्षिक भारित प्रगति: ८४.९४%
वार्षिक वित्तिय प्रगति: ४९.२४%

मुख्य संचालित कार्यक्रमहरु:

- साना सिंचाइ विशेष कार्यक्रम
- विभिन्न स्थानमा माटो परिक्षण शिविर संचालन
- स्थानिय तहमा कार्यरत कृषि कर्मचारीहरूसँग अन्तरक्रिया गोष्ठी

## १४. सार्वजनिक निकायको वेबसाइट भए सोको विवरण:

कृषि ज्ञान केन्द्र, खोटाङको आफ्नो वेबसाइट नभएता पनि कृषि विकास निर्देशनालयले विकास गरेको कृषि ज्ञान केन्द्र व्यवस्थापन प्रणालि (AKC MANAGEMENT SOFTWARE) बाट p1.akcnepal.com मा login गरि सबै ज्ञान केन्द्रको र प्रदेश अन्तरगत सम्पुर्ण सूचनाहरु हेर्न र जानकारी लिन सकिनेछ।

## १५. सार्वजनिक निकायले प्रप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण:

वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग नभएको।

## १६. सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन:

- कृषि यन्त्र उपकरणहरु अनुदानमा वितरण कार्यक्रम र प्रधानमन्त्री आधुनिकीकरण परियोजना तर्फको थप ३ वटा नयाँ व्लक स्थापनाका कार्यक्रमको सूचना प्रकाशन १ पटक
- कार्यक्रम सार्वजनिकिकरण छलफल तथा अन्तरकृया कार्यक्रम १ पटक
- कृषि व्यवसाय प्रवर्द्धन अनुदान र नँया पकेट तथा ब्लक स्थापना कार्यक्रमको सूचना प्रकाशन १ पटक
- वाली उपचार शिविर कार्यक्रम संचालन २ ठाउँमा (दि.चु.गा.पा र ह.तु.न.पा मा जम्मा १०१ किसान लाम्भावित)
- माटो परिक्षण शिविर कार्यक्रम संचालन १ ठाउँमा (रावावेसि गा.पा मा ६५ वटा ठाउँको माटो को नमुना जांच)
- विभिन्न ठाउँमा धान वालीको क्रप कटिङ (विभिन्न ठाउँ गरि १० वटा)
- स्थानिय तहाका कृषि प्रविधिकहरुसँग अन्तरक्रिया (गोष्ठी तथा कार्यशाला) २ पटक
- ५ दिने अगुवा कृषक भ्रमण (जिल्लाका १० पालिकाका २१ जना कृषक सहभागि भइ विभिन्न वालीका खेती प्रविधि तथा विरुवा विउ उत्पादन सम्वन्धि प्रत्यक्ष अवलोकन गर्ने अवशर मिलेको)
- बिश्व खाद्य दिवसको अवसरमा विद्यालय स्तरिय निबन्ध प्रतियोगिता १ पटक
- मकै वालीमा लागेको फौजी  किरा व्यवस्थापनमा बालि संरक्षण प्रयोगशालाको सहयोगमा हलेशी तुवाचुङ ना.पा, रावाबेशी र खोटेहाङ गा.पा मा सहयोग १ पटक

## १७. सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सोउपर सूचना दिएको विवरण:

- लिखित सूचना माग हुन नआएको।
- मौखिक, टेलिफोन वार्ता तथा भेटघाटबाट सूचना आदान प्रदान

## १८. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण:

- सूचनाहरु कार्यालयको सूचना पाटि तथा वेभसाईट; p1.akcnepal.com, विभिन्न पत्रपत्रिका, ज्ञान केन्द्रको फेसबुक पेज तथा रेडियोबाट सूचना प्रकाशन तथा प्रशारण भएको

२०७३।१०।१५

प्रदेश सरकार
भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
प्रदेश नं. १
खोटाङ, दिक्तेल
२०७५

## १९. सुशासन सम्बन्धी उल्लेखिनिय कार्यहरुः

- वार्षिक कार्यक्रमहरुको Flex print टाँसीएको
- उजुरी पेटिका राखिएको
- नियमित स्टाफ बैठक भएको
- सूचना अधिकारी तोकिएको
- सहयोग कक्षको स्थापना
- सूचना पाटि तथा वेभसाईट अन्य पत्रपत्रिका, ज्ञान केन्द्रको फेसबुक पेज तथा रेडियोबाट सूचना प्रकाशन तथा प्रशारण भएको

दस्तखतः ..............................

नामः देवराज गुप्ता

पदः सूचना अधिकारी

कार्यलयः कृषि ज्ञान केन्द्र, खोटाङ

दस्तखतः ..............................

नामः हरि नारायण राई

पदः प्रमुख

कार्यलयः कृषि ज्ञान केन्द्र, खोटाङ